मन्त्रालय (मन्त्रिस्तरीय) बाट स्वीकृत मिति : २०७६/८/७

# प्रदेशमा ज्येष्ठ नागरिक तथा अपाङ्गता नागरिक ग्राम स्थापना तथा संचालनको लागि प्रदेश सरकार (सामाजिक विकास मन्त्रालय) मार्फत अनुदान रकम उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६

प्रस्तावनाः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र प्रदेश सामाजिक विकास मन्त्रालयको समन्वयमा हाललाई प्रत्येक प्रदेशमा नमूनाको रुपमा ज्येष्ठ नागरिक ग्राम एक र अपाङ्गता नागरिक ग्राम एक वटा गरी दुई वटा ग्राम स्थापना तथा सचालन गर्न अपाङ्गता ग्राम सम्बन्धमा अपाङ्गता भएका व्यक्तिको अधिकारसम्वन्धी ऐन, २०७४ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी र ज्येष्ठ नागरिकका सम्बन्धमा मन्त्रालयको वार्षिक बजेटमा विनियोजन भएको कार्यक्रम सम्पन्न गर्न सम्वन्धित प्रदेशलाई एकीकृत रुपमा बजेट उपलव्ध ग राउन वाञ्छनीय भएकोले,

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "प्रदेशमा ज्येष्ठ नागरिक तथा अपाङ्गता नागरिक ग्राम स्थापना तथा संचालनको लागि प्रदेश सरकार (सामाजिक विकास मन्त्रालय) मार्फत अनुदान रकम उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "प्रदेश सरकार" भन्नाले नेपालको संविधान बमोजिम गठन भएका प्रदेशको सरकार सम्झनुपर्दछ ।

(ख) "सामाजिक विकास मन्त्रालय" भन्नाले प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनुपर्दछ ।

(ग) "कार्यक्रम खर्च" भन्नाले प्रयोजन खुलाई लक्षित वर्गले प्रत्यक्ष सेवा पाउने गरी लक्ष्य, कार्यक्रम र बजेट खुलेको खर्च सम्झनु पर्दछ ।

(घ) "प्रशासनिक खर्च" भन्नाले सेवा महसुल तथा कार्यालय सामान तथा परामर्श सेवा र भ्रमण खर्च जस्ता चालु खर्च सम्झनु पर्दछ ।

(ङ) "संस्था" भन्नाले ज्येष्ठ नागरिक तथा अपाङ्गता नागरिकको क्षेत्रमा काम गर्नको लागि कानून बमोजिम दर्ता भएका संस्थालाई सम्झनु पर्दछ ।

(च) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्दछ ।

(छ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ ।

(ज) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनु पर्दछ ।

(झ) "ज्येष्ठ नागरिक तथा अपाङ्गगता नागरिक ग्राम" भन्नाले ज्येष्ठ नागरिक तथा अपाङ्गगता भएका व्यक्तिहरुलाई लक्षित गरी आवश्यक सुविधासहितको अनुसूचीमा उल्लेख भए बमोजिमको ढाँचा वा प्रारुप बमोजिम स्थापित ग्राम सम्झनु पर्दछ ।

(ञ) "लक्षित वर्ग" भन्नाले ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## अनुदान निकासा प्रक्रिया र अवधि

३. अनुदान निकासा प्रक्रियाः सम्बन्धित प्रदेशलाई ज्येष्ठ तथा अपाङ्गगता नागरिक ग्राम स्थापना तथा सञ्चालनको लागि नेपाल सरकारबाट बिनियोजन भएको अनुदान रकम यसै कार्यविधि बमोजिम खर्च गर्ने गरी उपलव्ध गराइनेछ । तोकिएको क्षेत्रमा सम्बन्धित प्रदेश सरकारबाट कार्य गरी सोको प्रतिवेदन मन्त्रालयमा पठाउने तथा नियमानुसार खर्चको लेखा परीक्षण समेत गराउनुपर्दछ ।

४. अनुदान भुक्तानी अवधिः (१) यस कार्यविधि बमोजिम अनुदान दिइने रकमको भुक्तानी अवधी चालु आ.व. २०७६/७७ सम्म हुनेछ ।

(२) यस्तो अनुदानको भुक्तानी मन्त्रालयबाट स्वीकृत वार्षिक कार्यक्रममा विनियोजन भएको रु १ करोड ७५ लाखमध्ये प्रत्येक प्रदेशको लागि रु २५ लाख हुनेछ ।

(३) संघिय सरकारबाट प्राप्त अनुदान कार्यक्रम एवं बजेटमा प्रदेश सरकारले समेत कार्यक्रम एवं बजेट थप गरी कार्यान्वयन गर्न सक्नेछ ।

## परिच्छेद ३

## रकम खर्चका क्षेत्रहरु

५. प्रदेशले स्वीकृत नमर्स अनुसार अनुदान रकम देहायको क्षेत्रमा खर्च गर्नुपर्नेछः

(क) "ज्येष्ठ नागरिक र अपाङ्गगता नागरिक ग्राम" स्थापना गर्न उपयुक्त स्थानमा जग्गा प्राप्ति गर्ने ।

(ख) अवधारणा अनुरुप हुने गरी डिजाईन तथा लगत ईस्टिमेट गर्ने ।

(घ) आफ्नो प्रदेशभित्र उपयुक्त जग्गा प्राप्त हुन नसकेमा ज्येष्ठ नागरिक र अपाङ्गगता नागरिकका क्षेत्रमा क्रियाशिल संस्थाहरुले सञ्चालन गरिरहेका ज्येष्ठ नागरिक र अपाङ्गगता नागरिक ग्रामलाई सार्वजनिक-नीजि साझेदारीमा सञ्चालन गर्ने ।

(घ) अन्य सामाजिक संस्थासँग सम्झौता गरी कार्यान्वयन गरिएकोमा सम्वन्धित प्रदेश सरकारको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा संस्थाले व्यवस्थापन र संचालन गर्नुपर्नेछ ।

(ङ) विनियोजित रकममध्ये आधा ज्येष्ठ नागरिक र आधा अपाङ्गगता नागरिक ग्रामको लागि खर्च गर्नु पर्नेछ ।

(च) यस कार्यविधि वमोजिमका विषयमा यसै वमोजिम र अन्य विषयका सन्दर्भमा ज्येष्ठ/अपाङ्गगता नागरिक ग्राम स्थापना तथा सञ्चालन सम्वन्धी अवधारणा पत्र २०७५ र वमोजिम गर्नुपर्नेछ ।

परिच्छेद ४

<u>अनुदान शर्तसम्बन्धी व्यवस्था</u>

६. <u>अनुदान शर्त:</u> (१) यस कार्यविधि बमोजिमका लक्षित वर्गलाई नेपाल सरकारबाट जुन उद्देश्यको लागि अनुदान उपलब्ध गराइएको हो सोही उद्देश्यका लागि मात्र उपयोग गर्नु पर्नेछ।

(२) ज्येष्ठ नागरिक तथा अपाङ्गगता भएका व्यक्तिको संरक्षण, सुरक्षा एवं सरोकारका क्षेत्रमा काम गर्न उपलब्ध गराईएको अनुदानको रकमबाट आफ्नो प्रदेश अन्तर्गत सेवा प्रवाह गर्ने गरी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

७. <u>बैक खाता संचालन:</u> (१) यस कार्यविधि बमोजिम अनुदान स्वरुप प्रदान गरिएको रकम प्रदेशले तोकेको बैंक मार्फत आर्थिक कारोबार गर्नुपर्नेछ ।

(२) यसरी प्राप्त अनुदान रकमको खर्च उक्त बैंकमा खाता खोली सोही मार्फत गर्न सकिनेछ।

(३) खाता संचालन सम्वन्धी कार्य प्रदेशको नियमानुसार गर्नु पर्नेछ ।

परिच्छेद ५

<u>खर्च प्रक्रिया तथा अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था</u>

८. खर्च प्रक्रिया तथा अनुगमन देहाय बमोजिम हुनेछः

(क) मन्त्रालयबाट प्राप्त अनुदान रकमबाट प्रदेशले कार्यक्रमका लागि खर्च गर्दा प्रचलित ऐन र नियमावलीको अधीनमा रही खर्च गर्नु पर्नेछ ।

(ख) अनुदान प्राप्त रकम तोकिएको मापदण्ड अनुरुप खर्च भए नभएको विषयमा सम्बन्धित प्रदेशले निरन्तर अनुगमन गर्नु पर्नेछ ।

(ग) निकासा समयमा भए नभएको र भएको निकासा रकम तोकिएको उद्देश्य, क्षेत्र र स्थानमा प्रचलित कानून बमोजिम खर्च भए नभएको सम्बन्धमा मन्त्रालयले अनुगमन गर्न सक्नेछ ।

९. सम्वन्धित प्रदेश मन्त्रालयले कार्यविधि बमोजिम गरेको कार्य एवं खर्चको विवरण र समय समयमा भएको अनुगमनको प्रतिवेदन (कार्यक्रम संचालनको गतिविधि समेटिएको फोटोहरु सहित) मन्त्रालयमा नियमित रुपमा पठाउनु पर्नेछ ।

परिच्छेद ६

<u>कार्यान्वयन सम्बन्धी व्यवस्था</u>

१०. <u>अनुदानको उद्देश्य अनुसार कार्यान्वयन गरिनुपर्ने:</u> प्रदेशले नेपाल सरकार मार्फत उपलव्ध गराईएको रकम तोकिएको उद्देश्य अनुरुप खर्च गर्नुपर्दछ । सो अनुसार नभएमा सम्वन्धित निकाय नै जवाफदेही हुनुपर्नेछ ।

परिच्छेद ७

विविध


११. प्रस्ताव छनौट एवं समन्वय सम्वन्धी व्यवस्थाः सम्वन्धित प्रदेशले आफ्नो प्रदेशभित्र जग्गा प्राप्ती गर्न सकिने अवस्था संभावना नभएमा प्राप्त प्रस्ताव मूल्यांकन, छनौट र कार्यान्वयन गर्न सम्वन्धित स्थानीय तह तथा संघ संस्थाहरुको सहयोग एवं समन्वयमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

१२. गुनासो तथा उजुरी सम्बन्धी व्यवस्थाः अनुदान प्राप्त गरेको र कार्यक्रम सञ्चालन गरेको सम्वन्धमा प्रचलित कानून एवं यस कार्यविधि बमोजिम अनुदानको रकम उचित उपयोग नगरेको भन्ने विषयसँग सम्बन्धित बिषयमा उजुरी परेमा मन्त्रालयले अनुगमन गर्नेछ ।

१३. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएका बिषयको हकमा यसै बमोजिम र अन्य बिषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१४. संशोधनः मन्त्रालयले यस कार्यविधिमा आवश्यकता अनुसार थप घट वा संशोधन गर्न सक्नेछ ।

अनुसूची


ज्येष्ठ नागरिक/अपाङ्गता नागरिक ग्राम
संचालक समिति/व्यवस्थापन समिति
स्वास्थ्य उपचार केन्द्र
दिवा सेवा मिलन केन्द्र
आवासीय व्यवस्था (अस्थायी प्रकृतिको)
दिवा सेवा मिलन केन्द्र
सभा कक्ष
मनोरञ्जन कक्ष
चमेना गृह
पार्किङ्ग